जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
वि. महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

एक कदम अगाडि

Jaleshwor Today National Daily

बर्ष १३ • अंक ८ • २०८२ कार्तिक १४ गते शुक्रबार • 31 Oct. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-

"Education Is The Light Of Life"
NAME
COACHING & TRAINING CENTER PVT. LTD.
Janakpurdham-4, (Shantinagar)
9854025530 / 9824885783

# मधेश प्रदेशमा भारतको उडिसाबाट शुरु भएको मोन्था आँधीको प्रभाव पर्ने सम्भावना

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, १३ कार्तिक

मधेश प्रदेशमा भारतको उडिसाबाट शुरु भएको मोन्था आँधीको प्रभाव पर्ने सम्भावना बढेसँगै प्रदेश सरकार उच्च सतर्क मुद्रामा पुगेको छ ।

प्रदेशको गृह तथा सञ्चार मन्त्रालयको आयोजनामा बुधबार जनकपुरधाममा सम्पन्न प्रदेशस्तरीय विपद् व्यवस्थापन समितिको बैठकले सम्भावित प्राकृतिक विपद्का जोखिमलाई न्यून पार्ने उद्देश्यसहित विस्तृत तयारीबारे निर्णय गरेको छ ।



बैठकमा मुख्यमन्त्री जितेन्द्र प्रसाद सोनल, प्रदेश सरकारका वरिष्ठ अधिकारीहरू, सुरक्षा निकायका प्रमुखहरू, विपद् व्यवस्थापन समिति, जल तथा मौसम विज्ञान विभागका प्रतिनिधिहरू लगायतको उपस्थिति थियो । बैठकमा आगामी बिहीबारदेखि शनिबारसम्म प्रदेशमा मध्यमदेखि भारी वर्षा हुने अनुमान गरिएको जानकारी साझा गरिएको थियो ।

मुख्यमन्त्री सोनलले बैठकमा सम्बोधन गर्दै विपद्को जोखिमलाई समयमै न्यून पार्न प्रदेश सरकार पूर्ण रूपमा तयार रहेको बताए । उनका अनुसार प्रदेशका प्रमुख नदीहरू सप्तकोशी, बागमती, कमला, रातु र लखनदेहीमा जलस्तर बढ्ने सम्भावना उच्च भएकाले तटीय क्षेत्रका बासिन्दालाई सतर्क रहन आग्रह गरिएको छ ।

सोनलले प्रदेश सरकारले विपद् जोखिम न्यूनीकरणका लागि अधिकतम प्रयास गर्ने र आफ्ना सबै जनशक्ति, स्रोत तथा साधनहरू परिचालन गर्ने निर्णय गरेको बताए । उनले स्थानीय तहलाई पनि आपत्कालीन तयारी अवस्थामा रहन निर्देशन दिएका छन् ।

गृह तथा सञ्चार मन्त्रालयका अनुसार सम्भावित विपद्का कारण हुन सक्ने क्षतिलाई न्यूनीकरण गर्न प्रदेश आपतकालीन कार्ययोजना पनि अद्यावधिक गरिएको छ । साथै, प्रदेश प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाको संयुक्त समन्वयमा उद्धार टोलीहरू तयारी अवस्थामा राखिएका छन् । विभागका विज्ञहरूका अनुसार मोन्था आँधीको प्रभावले प्रदेशका दक्षिणी र पूर्वी भागमा बढी असर गर्न सक्ने सम्भावना छ । विशेषगरी धनुषा, महोत्तरी, सिरहा, सप्तरी र पर्सा जिल्लामा आँधी, वर्षा र चट्याङको जोखिम बढी रहेको बताइएको छ ।

मुख्यमन्त्री सोनलले विपद् व्यवस्थापन समितिको बैठकपछि सञ्चारकर्मीसँग कुरा गर्दै भने, 'प्रदेश सरकार विपद् व्यवस्थापनमा कुनै पनि प्रकारको ढिलाइ गर्न चाहँदैन । हामीले जोखिम क्षेत्रका जनतालाई समयमै सूचना दिन र सहयोग पुर्‍याउन सम्पूर्ण संयन्त्र सक्रिय बनाएका छौं ।' प्रदेश सरकारले नागरिकलाई अनावश्यक रूपमा नदी किनार, खोला, नालासहितका स्थानमा नजान र स्थानीय प्रशासनका निर्देशनको पालन गर्न समेत आग्रह गरेको छ ।

यससँगै गृह मन्त्रालयले सम्भावित विपद्का अवस्थामा उद्धार, राहत र पुन:स्थापनाको कार्य तीन तहका समन्वयमा सञ्चालन गर्ने योजना पनि सार्वजनिक गरेको छ ।

# महोत्तरीमा बालिकाको मृत्यु भएपछि सडक अवरुद्ध

जलेश्वरटुडे समाचारदाता
महोत्तरी, १३ कार्तिक

महोत्तरीको औरही नगरपालिका-४ कटुधारमा मोटरसाइकलको ठक्करबाट बालिकाको मृत्यु भएपछि स्थानीयवासीले हुलाकी राजमार्ग अवरुद्ध गरेका छन्। बुधबार अपराह्न नम्बर नखुलेको मोटरसाइकलको ठक्करबाट सोही वडाका गोविन्द यादवकी १० वर्षीया छोरी शिवानी यादवको मृत्यु भएको हो।



स्थानीय सन्ध्या यादवसँगै साइकलमा सवार बालिकालाई मोटरसाइकलले ठक्कर दिँदा शिवानी गम्भीर घाइते भएकी थिइन् । उनलाई उपचारका लागि जानकी एकेडमिक हस्पिटल, महोत्तरी पुऱ्याइएको थियो।

तर, उपचारको क्रममा बुधबार राति नै मृत्यु भएको महोत्तरीका प्रहरी प्रवक्ता डिएसपी शैलेन्द्र भट्टले जानकारी दिनुभयो। डिएसपी भट्टका अनुसार कालो ज्याकेट लगाएका व्यक्ति सवार मोटरसाइकलले ठक्कर दिएर भागेका हुन् । ठक्कर दिने मोटरसाइकल र चालकको खोजी जारी रहेको प्रहरीले जनाएको छ। दोषीको खोजी र कारबाहीको माग गर्दै आक्रोशित स्थानीयवासीले बिहीबार बिहान ११ बजेदेखि हुलाकी राजमार्गको कटुधार खण्डमा अवरुद्ध गरेका थिए। इलाका प्रहरी कार्यालय गौशालामा मृतक परिवार र स्थानीयबीच भएको वार्तापछि एक महिनाभित्र दोषी पत्ता लगाई कारबाही प्रक्रिया अघि बढाउने र सडक क्षेत्रमा सिसिटिभी क्यामेरा जडान गर्ने सहमति भएपछि स्थानीयले सडक अवरुद्ध खोलेका छन् । मृत बालिकाको शव पोस्टमार्टमका लागि जलेश्वर अस्पताल लगिएको प्रहरीले जनाएको छ।

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme
33 Years of Academic Excellence

दलित तथा विपन्न किशोर-किशोरीहरुका लागि ४५ दिने
लोक सेवा तयारी कक्षा संचालन
२०८२ कार्तिक १३ गते देखि
पिपरा गाउँपालिका, महोत्तरी
Save the Children

सचेत उपभोक्ता बनौं ।
सामान खरिद गर्दा देहायका बिषय एकिन गरौं,
- उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर,
- वस्तुको उत्पादन र उपभोग गरिसक्नुपर्ने मिति,
- आयातिक वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
- वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
- वस्तुको अधिकतम् बिक्री मुल्य,
- गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
- वस्तुको प्रयोग गर्ने तरीका र प्रयोग गर्नु पूर्वको सावधानी ।
सामान खरिद गर्दा सकेसम्म बैकिंङ माध्यमबाट भुक्तानी गरौं
भुक्तानी गरेको मूल्य बराबरको बिल अनिवार्य लिऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रकाशनको सुरु

www.jaleshwortoday.com

जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि



## सम्पादकीय...................

# व्यवस्थित कोरिडोरको निर्माण गर्न जरुरी

शहर भन्ने बित्तिकै हामी सबैको सोचमा सुविधा सम्पन्न भन्ने बुझिन्छ तर यसको उचित व्यवस्थापन र योजनाबद्ध विकास नहुँदा विनाश पनि निम्त्याउँने गरेको देखिन्छ । सहरी क्षेत्रको व्यवस्थापन त्यति सहज नरहेको देखिन्छ । सहरी क्षेत्रमा जलवायु परिवर्तनका कारण र प्रभावलाई न्यूनीकरण गर्नका लागि बहुआयामिक र समन्वयात्मक दृष्टिकोणको आवश्यकता पर्दछ । यसमा नीतिगत सुधार, प्राविधिक आविष्कार, स्थानीय समुदायिक सहभागिताका साथै अन्तर्राष्ट्रिय सहयोगको पनि महत्व रहेको हुन्छ ।

त्यस्तै, हरितगृह ग्यास उत्सर्जन र व्यवस्थित र दिगो सहर निर्माणका लागि योजनाबद्ध ढंगले अगाडि बढ्नु अति आवश्यक रहेको हुन्छ । यसका लागि नवीकरणीय ऊर्जाको प्रवर्द्धन, यातायात प्रणालीमा सुधार, निजी सवारी साधनको प्रयोग घटाउनका लागि सार्वजनिक यातायात प्रणालीलाई सुदृढ, विस्तार र विद्युतीकरण गर्ने, विद्युतिय सवारीसाधनलाई प्राथमिकता दिने, भवन निर्माण संहितालाई सुदृढ तथा अध्यावधिक गरी सोको कार्यान्वयन कडाइका साथ लागू गर्ने, खुल्ला क्षेत्र, हरियाली, बगैंचा आदिको विस्तार गर्ने, प्राकृतिक सिमसार र नदी किनारलाई संरक्षण गरी व्यवस्थित कोरिडोरको निर्माण गर्नेतर्फ ध्यान दिनु आवश्यक रहेको देखिन्छ ।

# भारतबाट उद्धार गरिएका १६ जना बालबालिकालाई अभिभावकको जिम्मा लगाइयो

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १३ कार्तिक**

भारतबाट उद्धार गरिएको १६ नेपाली बालबालिकालाई बिहीबार अभिभावकको जिम्मा लगाइएको छ। मधेश प्रदेशको खेलकूद तथा समाज कल्याण मन्त्रालयका निमित्त सचिव रंजितकुमार यादवको उपस्थितिमा बालबालिका खोजतलास प्रदेश समन्वय केन्द्र, जनकपुरधामले ती बालबालिकाहरुलाई अभिभावकको जिम्मा लगाएको हो ।



किन इण्डियाको समन्वय तथा रोटरी क्लव लुम्बिनी सिद्धार्थनगरको सहयोगमा भारतको विभिन्न स्थानबाट दुई बालिकासहित १६ जनालाई उद्धार गरेर बुधबार जनकपुर ल्याइएको थियो। उनीहरु सबैलाई बिहीबार नै अभिभावकको जिम्मा लगाइएको राष्ट्रिय बाल परिषद्का प्रदेश समन्वय अधिकृत संजिव महतोले जानकारी दिए । भारतको महाराष्ट्र, मुम्बई, दिल्लीबाट एक/एक जना बालकको उद्धार गरिएको किन इण्डियाका निर्देशक नविन जोशीले बताए । अन्य बालबालिकाको बिहार राज्यको विभिन्न शहरबाट उद्धार गरिएको उनले जानकारी दिए । तीन महिनाअघि रौतहटको मदर्साबाट फरार भएर भारतको बिहार पुगेका १५ वर्षीय बालकलाई पनि आमाको जिम्मा लगाइएको छ ।

रौतहट जिल्लाको नरकटिया बस्ने उनी मोबाइल र नयाँ कपडा नकिन दिएको आवेगमा साथिसहित भारततिर पुगेका थिए । विभिन्न मितिमा उद्धार गरिएको बालबालिकालाई दरभंगा, मधुबनी बाल केन्द्रको संरक्षणमा राखिएको थियो । सम्बन्धित निकायहरूबीच समन्वयपछि आवश्यक कानुनी प्रक्रिया पूरा गर्दै बालबालिकालाई नेपाल ल्याइएको जोशीले बताए।

किन इण्डियाले नेपालबाट बेचबिखनमा परेका, भारतमा उच्च जोखिममा परेका लागि उद्धार गरि नेपाल फिर्ता पठाउने र नेपालमा फेला परेकालाई भारत फिर्ता गराउने काम गर्दै आएको उनले बताए। संस्थाले हालसम्म एक हजार बढीको उद्धार गरि अभिभावकको जिम्मा लगाइसकेको उनले जानकारी दिए। उद्धार गरिएका बालबालिकाहरु धनुषा, महोत्तरी, सिरहा, रौतहट र सप्तरी जिल्लाका छन् । बाल अधिकार संरक्षण र मानव बेचबिखन नियन्त्रणमा यस्तो प्रयास महत्वपूर्ण भएको सरोकारवालाहरूले बताए ।

खेलकूद तथा समाज कल्याण मन्त्रालयका निमित्त सचिव यादवले ऐन कानून कार्यान्वयनमा कडाई गरेर बालबालिका बेचबिखन जस्ता घटना नियन्त्रण गर्न सकिने तर्क गरे । स्थानीय तहहरुमा बाल कल्याण अधिकारीको नियुक्ती गरेर बालबालिकासम्बन्धी तथ्यांक संकलन गर्दा यस्ता घटनाहरुमा कमी आउने विश्वास यादवले व्यक्त गरेका थिए। उद्धार गरिएका बालबालिकाहरूमा ९ देखि १६ वर्ष उमेर समूहका रहेका राष्ट्रिय बाल परिषद्का प्रदेश समन्वय अधिकृत महतोले बताए ।

रोटरी क्लव लुम्बिनी सिद्धार्थनगरका पर्शुराम पराजुली, नेपाल सरकारका पूर्व सचिव भीम उपाध्याय लगायतले बालबालिका बेचबिखन जस्ता घटना न्युनिकरण गर्न सीमामा कडाई गर्नुपर्नेमा जोड दिएका थिए।


## तपाईंको घर गाउँ बाढी, पहिरो वा डुबानको जोखिममा छ?

### पुर्वतयारीका लागि गरौं यी ५ काम

१ नदीको जलसतहले सतर्कता तह पार गरेका केही म्यासेज पो आयो कि बेला बेला मोबाइलमा चेक गर्नुहोस्, स्थानीय रेडियोका समाचार पनि बेला बेला सुन्नुहोस्

२ सुरक्षित स्थानतिर जान भनिएको छ भने सूचनामा भनिए जस्तै सुरक्षित स्थान तिर जानुहोस् ।



३ मोबाइलमा ब्याट्री र ब्यालेन्स छ छैन चेक गर्नुस् । यस्तो बेला अनावश्यक, तथा लामो कुराकानी नगर्नुहोस् · ब्याट्री बचाएर, ब्यालेन्स हालेर मोबाइल आफैसँग राख्नुहोस् ।

४ मोबाइलमा अत्यावश्यक फोन नम्बरहरु सेभ गरेर राख्नुहोस् ।· जस्तो कि बाढीबारे बुझ्न ११५५, मद्दतको लागि ११४९, प्रहरी डाक्न १०० र स्वास्थ्य समस्या भए १११५ र ११३३

५ अत्यावश्यक कागजातहरु जस्तो कि नागरिकता, लालपूर्जा, जन्मदर्ता, विवाहदर्ता, राहदानी, शैक्षिक प्रमाणपत्रहरु साथै गरगहना र नगद, साथै अत्यावश्यक औषधि, टर्चलाईट, पानी, तयारी खाजा जस्ता सामानहरु एउटा झटपट झोलामा सुरक्षित राख्नुहोस् र सुरक्षित स्थान तिर जाँदा संगै लानुहोस् ।

अनुरोधकर्ता
महोत्तरी गाउँपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश


## तपाईंको टुडे

मेष: अशुभ समाचार प्राप्त हुने
वृष: मनमा पछुतो आउने
मिथून: मित्रतामा फाटो आउने
कर्कट: अनावश्यक खर्चको संभावना
सिंह: लामो यात्राको योग छ
कन्या: अनावश्यक चिन्ता
तुला: पिछडेको साथी मिल्ने
वृश्चिक: विचार गरेर बोल्नुहोला
धनु: पढाईमा ध्यान दिनुपर्ने
मकर: आम्दानी हुने
कूम्भ: खानपानमा समस्या आउने
मीन: शुभ कार्यको शुरुवात

## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# आन्दोलनरत नर्सहरूसँग संवाद गरी समस्याको दिगो समाधान खोज : इन्सेक

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १३ कार्तिक**

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले २०८२ कात्तिक १२ गते एक विज्ञप्ति प्रकाशन गरी सरकार र अस्पताल सञ्चालकहरूलाई आन्दोलनरत नर्सहरूसँग संवाद गरी समस्याको दिगो समाधान खोज्न आग्रह गरेको छ।

इन्सेकका अध्यक्ष डा. कुन्दन अर्यालद्वारा हस्ताक्षरित विज्ञप्तिमा नेपाल सरकारले २०८१ मङ्सिरमा निजी अस्पतालमा कार्यरत नर्सहरूलाई सरकारी पाचौं तहले पाउने तलब ३४ हजार ७ सय ३० रूपियाँ दिन निर्देशन दिएको भए पनि सो निर्देशनको निजी अस्पतालहरूले अवज्ञा गरेको आन्दोलनरत नर्सहरूले बताएको उल्लेख गरिएको छ। नेपालको संविधानको धारा ३४ ले प्रत्येक श्रमिकलाई उचित तलब, समान अवसर, सामाजिक सुरक्षा र सुरक्षित कार्य वातावरणको हक सुनिश्चित गरेको छ। श्रम ऐन, २०७४ र न्यूनतम तलब निर्धारण आदेश, २०८१ अनुसार निजी अस्पतालसहित सबै रोजगारदाताहरूले सरकारद्वारा तोकिएको न्यूनतम तलब लागू गर्नुपर्ने कानुनी व्यवस्था भए पनि, धेरै निजी अस्पतालहरूले यो कानुनी दायित्व पूरा गरेका छैनन्। यो विषय श्रम अधिकारको हनन् मात्र होइन, मानव मर्यादामाथिको अपमान पनि हो। संवेदनशील र कठिन जिम्मेवारी पूरा गर्ने स्वास्थ्यकर्मीहरूलाई न्यूनतम तलब समेत नदिइनु राज्य र समाज दुवैका लागि लज्जाको विषय हो विज्ञप्तिमा भनिएको छ।

# आजको विदेशी विनिमय दर: अमेरिकी डलर र युरोको मूल्यमा सामान्य गिरावट

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १३ कार्तिक**




नेपाल राष्ट्र बैंकले आजका लागि विभिन्न विदेशी मुद्राको विनिमय दर सार्वजनिक गरेको छ। हिजोको तुलनामा अमेरिकी डलर र युरोपियन युरोको मूल्यमा सामान्य गिरावट आएको छ।

राष्ट्र बैंकका अनुसार आज अमेरिकी डलर एकको खरिददर १४० रुपैयाँ ८२ पैसा र बिक्रीदर १४१ रुपैयाँ ४२ पैसा निर्धारण गरिएको छ। हिजो अमेरिकी डलरको खरिददर १४० रुपैयाँ ९३ पैसा र बिक्रीदर १४१ रुपैयाँ ५३ पैसा थियो। यसैगरी, युरोपियन युरो एकको खरिददर १६३ रुपैयाँ ८३ पैसा र बिक्रीदर १६४ रुपैयाँ ५३ पैसा कायम भएको छ, जुन हिजो १६४ रुपैयाँ २७ पैसा र १६४ रुपैयाँ ९७ पैसा थियो। अन्य मुद्राहरूमध्ये, युके पाउन्ड स्ट्रलिङ एकको खरिददर १८६ रुपैयाँ १४ पैसा र बिक्रीदर १८६ रुपैयाँ ९३ पैसा, स्विस फ्र्याङ्क एकको खरिददर १७६ रुपैयाँ ६७ पैसा र बिक्रीदर १७७ रुपैयाँ ४२ पैसा कायम गरिएको छ। अष्ट्रेलियन डलर एकको खरिददर ९२ रुपैयाँ ८४ पैसा र बिक्रीदर ९३ रुपैयाँ २४ पैसा, क्यानेडियन डलर एकको खरिददर १०० रुपैयाँ ९८ पैसा र बिक्रीदर १०१ रुपैयाँ ४१ पैसा तोकिएको छ।

यसैगरी, जापानी येन १० को खरिददर नौ रुपैयाँ २४ पैसा र बिक्रीदर नौ रुपैयाँ २८ पैसा, चिनियाँ युआन एकको खरिददर १९ रुपैयाँ ८३ पैसा र बिक्रीदर १९ रुपैयाँ ९२ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३७ रुपैयाँ ५५ पैसा र बिक्रीदर ३७ रुपैयाँ ७१ पैसा, कतारी रियाल एकको खरिददर ३८ रुपैयाँ ६३ पैसा र बिक्रीदर ३८ रुपैयाँ ८० पैसा कायम भएको छ।

केन्द्रीय बैंकका अनुसार थाई भाट एकको खरिददर चार रुपैयाँ ३६ पैसा र बिक्रीदर चार रुपैयाँ ३७ पैसा, युएई दिराम एकको खरिददर ३८ रुपैयाँ ३४ पैसा र बिक्रीदर ३८ रुपैयाँ ५० पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३३ रुपैयाँ ६२ पैसा र बिक्रीदर ३३ रुपैयाँ ७६ पैसा कायम छ।

# एलिनासँगै अमेरिका गएकी कला लम्साल: 'आयोजकको के कुरा, सहकर्मीबाटै पीडित भएँ'

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १३ कार्तिक**



अहिले एउटा गीत निकै चर्चित छ- 'आन्टी लभर'। यसकी गायिका हुन् कला लम्साल। यो गीतसँगै कला पछिल्लो समय गायिका एलिना चौहानसँग सामाजिक सञ्जाल जुहारीका कारण पनि चर्चामा छिन्।

केही दिनअघि एलिनाले अमेरिकामा आयोजकको दुर्व्यवहारबारे सार्वजनिक गरेकी थिइन्। त्यसलाई कलाले 'पृथ्वी गोलो छ है' भन्दै खुच्चिङ भनेकी थिइन्। बद्री पङ्गेनी, प्रताप दास र एलिना चौहानसँगै 'अब सुन्छ अमेरिका' टुरमा गएकी उनी ढाड दुख्ने समस्या बढेपछि केही समयमै फर्किएकी थिइन्। अमेरिका यात्रा छोटो भएपनि आयोजक र सहकर्मीबाट भएको दुर्व्यवहारले दुःखी बनाएको कला सुनाउँछिन्। संगीतसहित यिनै विषयमा केन्द्रित रहेर गायिका कला लम्सालसँग रातोपाटीले गरेको कुराकानीको सम्पादित अंश : छिट्टै अमेरिकाबाट फर्किनुभयो, खासमा त्यहाँ के भएको थियो ? -अमेरिकामा मेरो शरीरमा ब्याक पेनको समस्या देखियो। त्यहाँ उपचार गर्ने आयोजकहरूले झन्झट बोक्न चाहेनन्। उपचारमा चार-पाँच महिना लाग्ने भन्दै प्रपन्च रचियो। बाँकी कलाकार लिएर आयोजक टुरमा जानुपर्ने अवस्था थियो।

मैले विकल्प नभएपछि नेपाल फर्किने निर्णय गरेँ। सुरुमा टिकट काटियो तर बढ्दो दुखाइका कारण मैले बिजनेस क्लासको टिकट माग गरे। आयोजकले दिन सक्नुभएन। टिकटको पैसा भन्दा पनि ज्यानको मायाले मिलाएर फर्किएँ।

# ए डिभिजन लिग आयोजनाबारे सरोकारवालासँग खेलकुद मन्त्रालयको छलफल

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १३ कार्तिक**



नेपालको घरेलु फुटबलको शीर्ष लिग आयोजना गर्ने विषयमा युवा तथा खेलकुद मन्त्रालयले सरोकारवाला पक्षसँग छलफल गरेको छ। नेपाली घरेलु फुटबलको सहिद स्मारक 'ए' डिभिजन लिग दुई वर्षदेखि रोकिएको छ। अखिल नेपाल फुटबल संघ (एन्फा) ले होम एन्ड अवे फर्म्याटमा आगामी पुस ९ गतेदेखि शिर्ष डिभिजन लिग गर्ने प्रस्ताव गर्दै आएको छ।

तर १४ वटा क्लबहरूमध्ये धेरैले समय अभाव हुने र आवश्यक प्रायोजक पनि नपाएकाले तत्काल लिग खेल्न नसकिने धारणा राख्दै आएका छन्। यसैले एन्फाले प्रस्ताव गरेको समयमा लिग नहुने भन्दै फुटबल समर्थकले चिन्ता व्यक्त गरिरहेका छन्। बिहीवार खेलकुद मन्त्रालयले एन्फा र क्लबहरूसँग लिग आयोजना गर्ने विषयमा छलफल गरेको हो। युवा तथा खेलकुदमन्त्री बब्लु गुप्ता, राष्ट्रिय खेलकुद परिषद् (राखेप) सदस्यसचिव टंकलाल घिसिङ, एन्फाका महासचिव किरण राई र विभिन्न क्लवका प्रतिनिधिबीच छलफल भएको छ। एन्फाका महासचिव राईले छलफलमा तत्कालीन र दीर्घकालसम्म नेपाली फुटबल अगाडि बढाउने राज्यले गर्नुपर्ने सहयोग र सहजीकरणका लागि मन्त्रालयको भूमिकाबारे छलफल भएको उल्लेख गरे। नेपाली फुटबल विकासका लागि राज्य हरेक किसिमको सहयोग र समन्वयनकारी भूमिका खेल्न तयार रहेको मन्त्री गुप्ताको धारणा आएको एन्फाका महासचिव राईको भनाइ छ। दीर्घकालीन रूपमा नेपाली फुटबल विकासका लागि कार्यदल निर्माण गरिएको राईले जानकारी दिए। एन्फाका कार्यकारी अधिकृत इन्द्रमान तुलाधार, मन्त्रालय र राखेपको पनि उक्त कार्यदलमा प्रतिनिधि रहेको एन्फाका महासचिव राईले उल्लेख गरेका छन्।






# दृष्टिविहीनमैत्री ट्राफिक-लाइटको खाँचो

-सडकका ट्राफिक लाइट दृष्टिविहीनको पहुाचमा छैनन्, बत्तीले पैदल यात्रीलाई संकेत गरिरहँदा दृष्टिविहीनहरू त्यो देख्न सक्दैनन्, लाइटसँगै आवाज पनि जडान गरे तिनलाई बाटो काट्न सहज हुने थियो । चौडा, फराकिला र चिल्ला सडकहरूमा सवारी चाप व्यवस्थापन गर्न ट्राफिक लाइट जडान गरिएका छन् । सवारी चाप उच्च भएकाले सुरक्षा दृष्टिले पनि ट्राफिक लाइट आवश्यक हुन्छ । तर, साँघुरा गल्ली र भित्री सडकमा ट्राफिक लाइट जडान भएको खासै देखिन्न ।

सडकका खम्बामा जडान गरिएका रातो, पहेंलो र नीलो ट्राफिक लाइटले बाटोको संकेत गर्छन् । र, सडकमा बल्ने हरियो बत्तीले सवारीलाई अघि बढ्न संकेत गर्छ । हरियोपछि पहेंलो बल्छ र केही सेकेन्डमै रातो, जसले सावधान भई सवारी रोक्नुपर्ने जानकारी दिन्छ । हरियोले पैदल यात्रीलाई बाटो काट्ने सूचना दिन्छ र रातोले 'जथाभावी बाटो नकाट्नु' भनी खतराको जानकारी । सडकमा जथाभावी बाटो नकाट्न र जेब्राक्रसबाट मात्रै काट्न ट्राफिक नियमले भनिरहेकै हुन्छन् । तर, एउटा गम्भीर सवाल छ- सडकका ट्राफिक लाइटहरू दृष्टिविहीनको पहुँचमा छैनन् । रातो, पहेंलो र हरियो ट्राफिक लाइटले पैदल यात्रीलाई संकेत गरिरहँदा दृष्टिविहीन त्यो देख्न सक्दैनन् । लाइटसँगै आवाज पनि जडान गरे दृष्टिविहीनलाई बाटो काट्न सहज हुने थियो । र, जीवनको क्षति हुनबाट जोगिने थियो ।

हरेक वर्ष ट्राफिक सप्ताहको नारा हुन्छ- तीव्र गति जीवन क्षति, सडकमा ट्राफिक नियमको पालना गरौं, हतार गरी सवारीसाधन कहिल्यै नचलाऔं, हतारमा सडक पार नगरौं... । तर, विडम्बना के भने सवारी दुर्घटनामा पैदल यात्रीको मृत्यु हुनेको संख्या घटेको छैन । सवारी चालकको गल्तीले जीवन गुमाउनुका साथै कैयौं यात्री अंगभंग भएर बाँचिरहनुपरेकै छ । ट्राफिक लाइट जडान भएर पनि नियम पालना नहुँदा ट्राफिक प्रहरीले चोक-चोकमा हात र सिटीको सहारामा लाखौं सवारीसाधनको चाप व्यवस्थापन गर्नुपर्ने बाध्यता छँदै छ । नेपाल प्रहरीको तथ्यांकअनुसार, पछिल्ला ६ वर्षमा सवारी दुर्घटनामा मृत्यु हुनेमध्ये ४० प्रतिशत पैदल यात्रु छन् । २०८१ फागुनसम्मको तथ्यांकले भन्छ- सडक दुर्घटनामा परेका १ हजार १ सय १८ जनामध्ये ४ सय ३४ पैदल यात्रु छन् । आकाशे पुल, ट्राफिक बत्ती र जेब्राक्रसको अभावमा जथाभावी बाटो काट्न बाध्य पैदल यात्रु नै धेरै दुर्घटनामा परेका छन् । कतिपय ठाउँमा चाहिँ जेब्राक्रस हुँदाहुँदै जथाभावी बाटो काट्ने पैदल यात्रु छँदै छन् । सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को परिच्छेद ७ अन्तर्गत दफा १२६ मा पैदल यात्रुले पेटीबाट हिँड्नुपर्ने स्पष्ट उल्लेख छ । मानिस हिँड्ने पेटी भएको सडकमा पैदल यात्रीले पेटीबाटै हिँड्नुपर्छ ।



पेटी नभएको सडकमा हिँड्दा दायाँ किनारा च्यापेर हिँड्नुपर्छ भन्ने उक्त दफामा लेखिएको छ । त्यस्तै दफा १३७ मा निर्धारित ठाउँबाट बाटो काट्नुपर्दा जेब्राक्रसिङ, सब-वे, ओभरहेड ब्रिज वा निर्धारण गरिएको ठाउँबाट मात्रै काट्नुपर्छ भन्ने उल्लेख छ । तर, पैदल यात्री जथाभावी बाटो काट्छन् । दुर्घटना न्यूनीकरणका लागि ट्राफिक महाशाखाले जथाभावी सडक पार गर्ने यात्रुलाई २०० देखि १००० रुपैयाँसम्म जरिवाना गर्ने, सडकमै प्रशिक्षण दिने, तिनलाई सडकमै स्वयंसेवकको काममा लगाउने र सचेतना अभिवृद्धि कक्षा लिने कार्य गर्दै आएको छ । तर, कानुन कार्यान्वयन नहुँदा दुर्घटना न्यूनीकरण हुन सकेको छैन । दुःखद के छ भने ट्राफिक नियम उल्लंघन गरेर जथाभावी बाटो काट्ने पैदल यात्रीले उन्मुक्ति पाइरहेका छन् । २०६३ सालमा पैदल यात्रुसमेतलाई दुर्घटनामा दोषी मानी कारबाहीको व्यवस्था गर्न 'सडक सुरक्षा ऐन' ल्याइएको थियो । त्यसैले दुर्घटना रोक्न सवारी चालकझैं पैदल यात्रुले पनि आफ्नै सुरक्षाका लागि ट्राफिक नियम पालना गर्नुपर्छ । अब विद्यालय तहको पाठ्यक्रममै ट्राफिक सचेतना शिक्षा पढाउनु आवश्यक छ । 'कारबाहीमा पर्छु' भनेर होइन, बरु आफ्नै सुरक्षाका लागि पैदल यात्रु र चालक दुवैले सडक नियम पालना गर्नुपर्छ । र, ट्राफिक नियम पालना गर्नुलाई सडक-संस्कृतिकै रूपमा अघि बढाउनुपर्छ । यो असल नागरिक बन्ने मार्ग पनि हो । माथि विमर्श गरिएजस्तो 'आवाजसहितको ट्राफिक लाइट' को अवधारणा एक दृष्टिविहीन व्यक्ति रमेश पोखरेलले ल्याएका थिए । २०५८ सालमा तत्कालीन महिला, बालबालिका तथा समाज कल्याणमन्त्री राजेन्द्र खरेलले भद्रकाली नजिकै भोटाहिटीको आकाशे पुलनेर 'आवाजसहितको ट्राफिक लाइट' कार्यक्रम उद्घाटन पनि गरेका थिए । तर, ३ दशकअघिको दृष्टिविहीनमैत्री त्यो ट्राफिक कार्यक्रम ओझेलमा पर्नु दुःखद छ । कतै-कतै प्रयास गरिए पनि यो अभियान प्रभावकारी ढंगले अघि बढेको छैन । र, 'आवाजसहितको ट्राफिक लाइट' ले अपांगता भएका व्यक्तिमा हौसला पनि थप्नेछ ।

साभार : कान्तिपुर ।















प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम-४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday